"सिरीजङ्घाको गौरव, कन्चनजङ्घा"

# सिरीजङ्घा राजपत्र


सिरीजङ्घा गाँउपालिकाद्धारा प्रकाशित

खण्ड ५) ताप्लेजुङ, कोशी प्रदेश, नेपाल, फाल्गुण १५ गते २०८० साल (संख्या११


## भाग २

सिरीजङ्घा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, कोशी प्रदेश, नेपाल।

सिरीजङ्घा गाँउपालिकाको गाँउ कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधी सम्वत् २०८० सालको ऐन/नियमावली/ निर्देशिका /कार्यविधि/मापदण्ड नं. ११

# महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुका लागी सम्मानजनक विदाइ गर्ने कार्यविधि,२०८०

**प्रमाणिकरण मिति २०८०।११।१४**

**प्रस्तावना :** सिरीजङ्घा गाँउपालिका भित्र कार्यरत रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्ये कम्तीमा ५ वर्ष सेवा गरेका साथै नागरिकताका आधारमा ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई एकमुष्ठ आर्थिक रकम सहयोग सहित सम्मानजनक विदाइ गर्न वाञ्छनीय रहेकाले, दीर्घकालिन सेवा गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागी सम्मानजनक विदाइ गर्न गाउँ कार्यपालिकाको मिति २०८०।११।१३ गते बसेको बैठकले यो कार्यविधि तर्जुमा गरी लागु गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

### १) संक्षिप्त नाम र प्रारम्भ

१. यस कार्यविधिको नाम महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुका लागि सम्मानजनक विदाइ गर्ने कार्यविधि,२०८० रहेको छ ।

२. यो कार्यविधि सिरीजङ्घा राजपत्रमा प्रकाशन भएपछि सिरीजङ्घा गाउँपालिका क्षेत्रभर लागु हुनेछ।

### २) परिभाषा

विषय र प्रसंगले अर्को अर्थ नलागेको यस कार्यविधीमा:

(क) "गाँउपालिका" भन्नाले सिरीजङ्घा गाँउपालिकालाई सम्झनु पर्दछ।

(ख) "कार्यविधि" भन्नाले महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागी सम्मानजनक विदाई गर्ने कार्यविधि,२०८० सम्झनुपर्दछ।

(ग) "महिला स्वास्थ्य स्वयंसेविका" भन्नाले सिरीजङ्घा गाँउपालिका अन्तर्गत कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्झनुपर्दछ।

(घ) "सेवा" भन्नाले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा कम्तीमा ५ वर्ष सेवा गरेको सम्झनुपर्दछ।

## परिच्छेद २
## महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागी सम्मानजनक विदाइ रकम प्रदान गर्ने आधारहरु

### ३) महिला स्वास्थ्य स्वयंसेविकाको लागी सम्मानजनक विदाइका प्रमुख उद्देश्य

१) सेवा गरेका महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागी विदाइ हुने समयमा प्रोत्साहन हुने।

२) समुदायमा स्वास्थ्य सेवा गरेको कामको पहिचान तथा सम्मान हुने।

**४) महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि सम्मानजनक विदाइ रकम प्रदानका आधारहरु**

देहाय बमोजिमका आधारमा महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागी सम्मानजनक विदाइ रकम प्रदान गर्ने।

क) सिरीजङ्घा गाँउपालिका अन्तर्गत कम्तीमा ५ वर्ष सेवारत रहेको हुनुपर्ने।

ख) नागरिकताको आधारमा ६० वर्ष उमेर पुगेको हुनुपर्ने।

ग) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा कम्तीमा ५ वर्ष सेवा गरिसकेपछि स्वास्थ्य सम्बन्धी कारणले सेवा गर्न असमर्थ भएमा पनि यस कार्यविधि बमोजिमको रकम प्रदान गर्न वाधा पुग्नेछैन।

घ) नियमानुसार आमा समूहमा राजिनामा पेश भइ स्वीकृत भएको हुनुपर्ने।

ङ) सम्बन्धित स्वास्थ्य संस्थाबाट सिफारिश भएको हुनुपर्ने।

**५) महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागी सम्मानजनक विदाइ विवरण**

१) महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागी कदर पत्र सहित सम्मानजनक विदाइ गरिनेछ।

२) लामो समयदेखि काम गरिरहेका तर ६० बर्ष उमेर पुरा नहुँदै विभिन्न कारणले महिला सामुदायिक स्वास्थ्य स्वंयसेविको सेवाबाट विदा लिन पर्ने अवस्थामा महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि नगद सम्मान गर्नको लागि गाउँपालिकाबाट आवश्यक बजेटको व्यवस्था गरि निम्न अनुसारको आर्थिक सुविधा सहित गाउँपालिका तर्फबाट सम्मानजनक विदाई गर्ने व्यवस्था मिलाइनेछ।

क) ५ बर्ष वा सो भन्दा माथि १० बर्षभन्दा कम अवधीसम्म सेवा गरेका लागि रु **१५०००**।(अक्षरेपी रुपैंया पन्ध्र हजार मात्र)।

ख १० बर्ष वा सो भन्दा माथि २० बर्ष भन्दा कम अवधीसम्म सेवा गरेका लागि रु **३००००**।(अक्षरेपी रुपैंया तिस हजार मात्र)।

ग) २० बर्ष वा सो भन्दा माथि जति सुकै सेवा गरेका लागि **५००००।**(अक्षरेपी रुपैंया पँचास हजार मात्र)।

घ) उल्लेखित सुविधा मिति २०८० श्रावन ०१ देखि लागु हुनेछ।

३) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोषको रकम प्रयोग तथा बार्षिक रुपमा लेखापरीक्षण गराउने व्यवस्था मिलाउनु पर्ने ।

**६) महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागी सम्मानजनक विदाइ प्रक्रिया**

१) स्वास्थ्य संस्थाहरुले महिला स्वास्थ्य स्वयंसेविकाको कार्य अवधि प्रमाणित गरी नागरिकताको प्रतिलिपि महिला स्वास्थ्य स्वयंसेविकाको परिचयपत्रको प्रतिलिपि आमा समूहमा राजिनामा पेश गरी स्वीकृत भएको कागजातका प्रतिलिपि प्रमाणित गरी सिफारिस साथ शिक्षा तथा सामाजिक विकास शाखामा पठाउने।

२) प्राप्त कागजातको अध्ययन गरी शिक्षा तथा सामाजिक विकास शाखाले यकिन विवरण सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने।

३) प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भए पश्चात स्वास्थ्य स्वयंसेविकाहरुलाई आर्थिक सहयोग रकम र कदर पत्र सहित सम्मानजनक विदाइ गर्ने।

## परिच्छेद-३
## विविध

७) यस कार्यक्रमको लागि विनियोजित रकम गाउँपालिका मातहतमा नै रहने छ ।

८)**अनुगमन:** यस कार्यविधि बमोजिम भएका सम्पुर्ण क्रियाकलापको अनुगमन गाउँपालिका तथा गाउँपालिका अन्तर्गत स्थानीय स्वास्थ्य व्यवस्थापन समितिलाई तोकिएको छ।

९)**संशोधन र बचाउ:** यस कार्यविधिको कुनै अवस्थामा संशोधन गर्नु परेमा सम्वन्धित समितिहरु मार्फत पेश भएपछि गाउँ कार्यपालिकाले संशोधन गर्न सक्ने छ। नेपालको अन्य कुनै प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**आज्ञाले,**
**श्री मधुर नेपाली**
**प्रमुख प्रशासकीय अधिकृत**
**सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ।**